*मिति २०७३।०४।०१ बाट लागु हुने गरी मिति २०७३।०३।२९ को मेलमिलाप परिषद्को बैठक बाट पारित*

# मेलमिलापकर्ताको आचार संहिता, २०७३

मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी मेलमिलाप परिषद्ले देहायका आचार संहिता बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यस आचार संहिताको नाम "मेलमिलापकर्ताको आचार संहिता, २०७३" रहेकोछ ।

(२) यो आचार संहिता तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "ऐन" भन्नाले मेलमिलाप सम्बन्धी ऐन, २०६८ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले मेलमिलाप सम्बन्धी नियमावली, २०७० सम्झनु पर्छ ।

३. मेलमिलापकर्ताको आचरण : (१) मेलमिलाप सम्बन्धी कामकारबाही गर्दा ऐन तथा नियमावली बमोजिमका व्यवस्थाको अतिरिक्त देहायका आचरणको पालन गर्नु मेलमिलापकर्ताको कर्तव्य हुनेछ :-

(क) छिटो, छरितो र कम खर्चमा पक्षहरू आफैले आफ्नो विवादको समाधान खोज्ने सरल र प्रभावकारी उपाय मेलमिलाप हो भन्ने बारे पक्षहरूलाई जानकारी गराउने र त्यस अनुरूप सहजीकरण गर्ने,

(ख) आफ्नो सीप, तालिम, अनुभव, विवेक, चेतना र सामान्य ज्ञानका आधारमा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(ग) मेलमिलाप सम्बन्धी प्रकृयामा कुनै पनि पक्षप्रति झुकाव, आग्रह, पूर्वाग्रह वा भेदभाव नराख्ने,

(घ) विवादका पक्षलाई कुनै प्रकारको डर, त्रास, झुक्यान, प्रलोभनमा नपार्ने तथा त्यसको आधारमा मेलमिलाप वा सहमति गर्न बाध्य नपार्ने,

(ङ) मेलमिलाप गराइदिए वापत पक्षबाट कुनै प्रकारको शुल्क, कमिसन वा पारिश्रमिक नलिने,

तर ऐन तथा नियमावलीले तोकेको सिमाभित्र रही पक्षहरूको सहमतिमा पारिश्रमिक स्वीकार गर्न बाधा पर्ने छैन ।

(च) मेलमिलापको काम कारवाहीको शिलशिलामा मेलमिलापकर्ताले पक्षहरूसँग कुनैपनि प्रकारको आर्थिक कारोवार वा लेनदेन वा स्वार्थजन्य व्यवहार नगर्ने,

(छ) प्रचलित कानूनको प्रतिकूल हुने विषयमा मेलमिलाप नगराउने,

(ज) मेलमिलाप गराउँदा स्थानीय मूल्य, मान्यता, प्रथा, प्रचलन तथा मेलमिलाप सम्बन्धमा विकास भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र प्रचलनलाई ध्यान दिने,

(झ) मेलमिलाप गर्दा गराउदा सामाजिक सौहार्द्रता कायम गर्ने प्रयास गर्ने,

(ञ) निष्पक्ष, निष्ठावान र जिम्मेवार पूर्वक पक्षको समस्या समाधानको प्रयास गर्ने,

(ट) अदालत वा न्यायिक निकाय प्रतिको जनआस्थामा प्रतिकूल असर पर्ने कुनै पनि कार्य नगर्ने,

(ठ) पक्षहरूको अनुमति विना मेलमिलाप प्रकृयामा जानकारीमा आएका कुराहरूको गोपनियता भङ्ग नगर्ने,

(ड) मेलमिलाप प्रकृयामा हुने छलफल तथा बैठकमा निर्धारित समयमा नै उपस्थित हुने र समयभित्रै कार्यसम्पादन गर्न प्रयत्नशील रहने,

(ढ) अन्य मेलमिलापकर्ता र विवादका पक्षप्रति उचित आदरभाव राख्ने,

(ण) मेलमिलाप प्रकृयामा हुने छलफल तथा बैठकमा धुम्रपान, मद्यपान वा अन्य नशाजन्य पदार्थ सेवन नगर्ने तथा मद्यपान वा अन्य नशाजन्य पदार्थ सेवन गरी उपस्थित नहुने,

(त) मेलमिलापकर्ताले आफूलाई निर्णयकर्ताको रूपमा प्रस्तुत नगर्ने,

(थ) कसैप्रति मानसिक वा शारिरिक शोषण, दुर्व्यवहार वा लैङ्गिक, जातीय, धार्मिक, भाषिक, सांस्कृतिक लगायतका विषयमा कुनै पनि विभेदजन्य व्यवहार नगर्ने,

(द) आफूले लिएको शपथ प्रति पूर्णरुपले प्रतिबद्ध रहने ।

(२) कुनै मेलमिलापकर्ताले यस आचार संहिताको उलङ्घन गरेमा परिषद्ले ऐन तथा नियमावली बमोजिम कारवाही गर्नेछ ।